आरुघाट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

आरुघाट, गोरखा

गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६४४१००४४

इमेल: rm.arughat@gmail.com

Website: aarughatmun.gov.np


पत्र संख्या: ०७८/७९

मिति: २०७८/४/३२

च.नं. :

आरुघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

## आरुघाट गाउँपालिकाको सार्वजनिक सुचना।

गोरखा जिल्लाभर कोरोना भाइरसको संक्रमण तीव्र रुपमा फैलिईरहेको सन्दर्भमा मिति २०७८/३/३१ गते जिल्ला प्रशासन कार्यालयले मिति २०७८/५/१ गते राति १२ बजे देखि मिति २०७८/५/११ गते राती १२ बजेसम्म कडा मापदण्ड सहितको लकडाउनको घोषणा गरेकोमा यस आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७८/४/३२ को निर्णय अनुसार सो अवधिभर यस गाउँपालिकाभित्र रहेका बैंक तथा वित्तीय संस्थाहरुको सेवा प्रवाह समेत पूर्ण रुपमा बन्द गर्ने भन्ने रहेकोले सो अनुसार गर्नु गराउनुहुन एवं लकडाउनको प्रावधानहरु पूर्ण रुपमा पालना गर्नुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ। साथै उक्त अवधिभर गाउँपालिका एवं वडा कार्यालयहरुबाट अत्यावश्यक किसिमको मात्र सेवा प्रवाह हुने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गरिएको छ।

२०७८/४/३२

एकदेव खनाल

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np
मिति: २०७८।०४।३१

## प्रमुख जिल्ला अधिकारीबाट जारी निषेधाज्ञा

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोरोना भाइरस (कोभिड- १९) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस कार्यालयबाट आदेश जारी हुदैं आएकोमा हालका दिनहरुमा कोरोना संक्रमणको दर जिल्लाभर तिब्र गतिमा बढिरहेकोले मिति २०७८।०४।३१ गते बसेको जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को निर्णय समेतको आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३),संक्रामक रोग ऐन, २०२० दफा २ तथा कोभिड संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ बमोजिम मिति २०७८।०५।०१ गते राती १२:०० बजे देखि २०७८।०५।११ गते राती १२:०० बजेसम्म गोरखा जिल्लाभर लागु हुने गरी देहाय बमोजिमको निषेधाज्ञा जारी गरिएको छ।

देहायः

१) अत्यावश्यक काम नपरी घर बाहिर ननिस्कने। अत्यावश्यक काम परी निस्कनै पर्दा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने तथा भिडभाड नगर्ने नगराउने।

२) संचालन गर्न नपाइने सेवा तथा कार्यः

क) सवै प्रकारका सभा, सम्मेलन, गोष्टी, तालिम, सेमिनार, भेला, जात्रा, महोत्सव संचालन,

ख) रंगशाला, कवर्ड हल, फुटसल, खेलकुद मैदान, पार्टी प्यालेस, सिनेमा हल, होटल एण्ड रेष्टुरेन्ट, चिया तथा खाजा पसल, क्लव, सिनेमा हल, डान्स सेन्टर, व्युटी पार्लर, कपडा पसल, शैलुन, जिमखाना, सुनचाँदी व्यवसाय, टेलरिङ, फोटो स्टुडियो, इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक पसल र फुटपाथ पसलहरु संचालन,

ग) मठ, मन्दिर, गुम्बा, मस्जिद मदर्सा,चर्च लगायतका धार्मिक स्थलहरुमा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थना गर्ने बाहेकका अन्य कार्यहरु,

घ) क्याम्पस, विद्यालय लगायत सवै शैक्षिक संस्था, तालिम, प्रशिक्षण केन्द्रहरुबाट भौतिक रुपमा उपस्थित भई हुने पठनपाठन,परीक्षा लगायतका सवै शैक्षिक गतिविधिहरु संचालन,

ङ) अत्यावश्यक सेवा बाहेकका बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने सेवाहरु,

च) स्वास्थ्य, सुरक्षा, खानेपानी, विद्युत, संचार, औषधी तथा औषधीजन्य उत्पादन तथा विक्री वितरण लगायतका अत्यावश्यक सेवा वाहेकका अन्य सरकारी तथा गैरसरकारी कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु।

३) संचालन गर्न पाइने सेवा तथा कार्यः

क) औषधी, पेट्रोल पम्प एवं स्वास्थ्य सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने,

ख) त्रिभुवन विश्व विद्यालय, उच्च माध्यमिक शिक्षा परिषद्, प्राविधिक तथा व्यवसायिक तालिम परिषदबाट संचालन हुने पूर्व निर्धारित परीक्षाहरु स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरी संचालन गर्ने,

ग) दैनिक उपभोग्य खाद्यान्न, तरकारी, फलफूल, दुध तथा दही, माछा, मासु, कृषिजन्य विउ विजन, मल, पशुपन्छीको दाना विक्रि वितरण गर्ने पसलहरु, निर्माण सामग्री वितरण गर्ने पसलहरु र वर्कसप स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने गरी विहान ५:०० बजेदेखि विहान १०:०० बजेसम्म संचालन गर्ने,

घ) उद्योग, सार्वजनिक निर्माण कार्यमा संलग्न कर्मचारी तथा श्रमिकहरुलाई उद्योग परिसर तथा निर्माण स्थल नजिकै खाना र बासको व्यवस्था गरी स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा अपनाई उद्योग तथा निर्माण कार्य संचालन गर्ने।

२०७८।०४।३१
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.com
URL: daogorkha.moha.gov.np
मिति: २०७८।०४।३१

**४) संचालन गर्न पाइने सवारी साधनहरु:**

क) एम्बुलेन्स, शववाहन, दमकल,

ख) अत्यावश्यक खाद्य सामग्री, पशुपन्छी तथा पशुपन्छीको दाना, तरकारी, फलफूल, दुग्ध पदार्थ, माछा, मासु र पानी बोकेको सवारी साधन,

ग) ग्यास तथा पेट्रोलियम पदार्थ बोकेको सवारी साधनहरु,

घ) निजामती कर्मचारी,बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारी, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्युटी जाने आउने क्रममा प्रयोग गर्ने सवारी साधन

ङ) औषधी तथा स्वास्थ्य सेवाका सामग्री बोकेको सवारी साधन, कृषिजन्य सामग्री( मल,विउ विजन) बोकेको सवारी साधन, निर्माण सामग्री बोकेको सवारी साधन,

च) झण्डावाहक सवारी साधन र अत्यावश्यक सरकारी कामकाजको लागि प्रयोग हुने सरकारी सवारी साधनहरु,

छ) प्रेस पास तथा परिचयपत्र बाहक संचारकर्मीहरुले प्रयोग गरेका सवारी साधनहरु।

( ढुवानीको सवारीसाधनको हकमा चालक र सहचालक मात्र सवार हुने)

**५) संचालन नहुने यातायातका साधनहरु:**

क) निजी तथा सार्वजनिक यातायातका साधनहरु

**६) बैंकहरुको हकमा गोरखा नगरपालिका क्षेत्रभित्रका बैंकहरुले सम्पर्कका आधारमा दिने अत्यावश्यक सेवाको लागि सम्पर्क व्यक्ति तथा सम्पर्क नम्बर सहितको सार्वजनिक सूचना प्रकाशन गरी आकस्मिक सेवा मात्र प्रवाह गर्ने र अन्य पालिकाको हकमा सम्बन्धित पालिकाले गरेको निर्णयानुसार बैंक संचालन हुने।**

**७) विवाह, ब्रतबन्ध एवं अन्य संस्कारजन्य कार्यक्रमहरु पार्टी प्यालेस तथा होटलमा संचालन गर्न नपाइने ।पूर्व निर्धारित विवाह, ब्रतबन्ध र अन्य संस्कारजन्य कार्यक्रम आफ्नै घर परिसरमा संचालन गर्दा तोकिएको स्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गरी १० जना भन्दा बढी सहभागी हुन नपाइने। सवारी साधनको प्रयोग गर्नु पर्नेको हकमा केटा वा केटी पक्षले बढीमा पाँच( ५) जना मात्र हुने गरी एक वटा सवारी साधन मात्र प्रयोग गर्न पाउने।**

**८) दाहासंस्कारमा स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी २५ जना भन्दा बढी भेला नहुने।**

**९) व्यक्ति तथा संघसंस्था लगायतका दाताहरुबाट प्राप्त हुने स्वास्थ्य तथा राहतका सामग्रीको वितरण जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय तहको समन्वयमा गर्ने।**

**१०)साथै उपयुक्त आदेशको पालना तथा कार्यान्वयनमा यस अघि झै आवश्यक सहयोग, समन्वय तथा सहजिकरण हुन सम्बद्ध सवै सरोकारवाला र आम गोरखाबासी बुबाआमा,दाजुभाई तथा दिदीबहिनी समक्ष हार्दिक अनुरोध छ।**

**(उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे गराइएको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८, संक्रामक रोग ऐन, २०२० कोभिड संकट व्यवस्थापन अध्यादेश, २०७८ एवं अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।)**

२०७८/०४/३१

**शालिग्राम शर्मा पौडेल**
**प्रमुख जिल्ला अधिकारी**

**"स्वच्छ र सक्षम निजामती प्रशासन: समृद्धि र सुशासन"**